# विराटनगर महानगरपालिका

बैठक संख्या: १
मिति: २०७४/०३/२९

बैठक प्रारम्भ:११.३०
बैठक स्थगन:

विराटनगर महानगरपालिकाका नगर प्रमुख श्री भीम पराजुलीज्यूको अध्यक्षतामा आज बसेको विराटनगर महानगरपालिका बोर्ड बैठकबाट निम्न लिखित निर्णय गरियो ।

| सि.नं. | पद | नाम | हस्ताक्षर |
|---|---|---|---|
| १ | प्रमुख | श्री भीम पराजुली | |
| २ | उपप्रमुख | श्री इन्दिरा कार्की | |
| ३ | सदस्य | श्री उद्धव अयाल | |
| ४ | सदस्य | श्री कुमार पोखरेल | |
| ५ | सदस्य | श्री बिनोद कुमार बस्नेत | |
| ६ | सदस्य | श्री देवेन्द्रराज पोखरेल | |
| ७ | सदस्य | श्री मिनकुमार आचार्य | |
| ८ | सदस्य | श्री विजय कामत | |
| ९ | सदस्य | श्री मधुबाबु तिवारी | |
| १० | सदस्य | श्री निश्चल अर्याल | |
| ११ | सदस्य | श्री त्रिभुवननाथ भगत | |
| १२ | सदस्य | श्री माधवराज वाग्ले | |
| १३ | सदस्य | श्री तिर्थेन्द्र न्यौपाने | |
| १४ | सदस्य | श्री हिरालाल कामत | |
| १५ | सदस्य | श्री झरीलाल महतो | |
| १६ | सदस्य | श्री बलदेव यादव | |
| १७ | सदस्य | श्री असलम आलम | |
| १८ | सदस्य | श्री मनोज सुब्बा | |
| १९ | सदस्य | श्री समिम कमर | |
| २० | सदस्य | श्री संजय कुमार साह | |
| २१ | सदस्य | श्री बद्रीनारायण सरदार | |
| २२ | सदस्य सचिव | श्री दिपक कोइराला | |

प्रस्तवहरु:

१. सडक बत्ति सम्वन्धमा
२. सडकका खाल्डाखुल्डी पुर्नै सम्वन्धमा
३. नाला सरसफाई सम्वन्धमा

निर्णय नं. १

वर्षादको समय, सडकमा खाल्डाखुल्डीको अवस्था र सडक दांया वांया झाडीको वृद्धिसंगै सर्पको डरले सडक वत्तिको अभावमा रातको समयमा आवागमनमा असहजताले दुर्घटना भैरहेको हालको अवस्थालाई मध्यनजर गरि तत्काल सार्वजनिक खरिद ऐन २०६४ को प्रक्रियाबाट CFL खरिद गरि आवश्यकता अनुसार सवै वडामा सडक बत्ति जडान गर्ने एंव नबलेका बल्भहरुलाई मर्मत सभार गरि जडान गर्ने निर्णय गरियो ।

निर्णय नं. २

पक्की तथा ग्राभेल सडकमा रहेका खाल्डाखुल्डी मर्मत गरि तत्काल राहत उपलव्ध गराउने प्रमुखज्यूको पद वहाली निर्णयलाई यथासिघ्र कार्यान्वयन गर्न प्रत्येक वडामा वडा अध्यक्ष एंव सदस्यज्युहरु र सम्वन्धित प्राविधिकको संयुक्त अनुगमनवाट खाल्डाखुल्डी पुर्न स्थलगत यकिन गरि गराई मिक्स ग्राभेल ढुवानी सेवावाट खसाल्ने र नगरपालिकाको एक्साभेटरले मिलाउने एंव वडाको सिफारिसमा ढुवानी सेवालाई एक पटकमा वढीमा १ एक लाखसम्म विल बमोजिमको भुक्तानी आगामी आ.व.०७४।०७५ को मर्मत संभार शिर्षकवाट गर्ने निर्णय गरियो ।

निर्णय नं. ३

वर्षादको समयमा पानी निकासी हुन नसकी जाम भएका नालाहरु सफा गर्न न.पा.को साझेदार संस्थाले हरेक वडामा प्रति वडा २ जनाका दरले जनशक्ति खटाउने र त्यसरी खटाइएका जनशक्तिबाट मात्र सफा गर्न सम्भव नभएका नाला खोल्न न.पा.ले एक्साभेटर र ड्रिच क्लिनिङ मेशिन पठाई यथाशिघ्र नाला सफा गर्ने निर्णय गरियो ।